जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

बर्षः १२, अंकः १३२ पृष्ठः ४ | २०८२ भदौ २६ गते बिहीबार (Thursday 11 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

## सिरहा जिल्ला अदालतको सेवा अनिश्चितकालका लागि बन्द



सिरहा, २५ भदौ । जिल्ला सदरमुकामस्थित सिराहा जिल्ला अदालतमा मंगलबार अपराह्न आगजनीको कारण सम्पूर्ण सेवा स्थगित भएको छ । अदालतका स्रेस्तेदार उपसचिव भेषराज भट्टराईले बुधबार बिहान सूचना जारी गर्दै अर्को निर्णय नभएसम्मका लागि अदालतबाट प्रवाह हुने सम्पूर्ण सेवा स्थगित गरिएको उल्लेख गरेका छन् । उनका अनुसार मंगलबार भएको आगजनीमा अदालतको आंशिक भाग जलेको छ ।

सूचनाअनुसार प्रदर्शनकारीको समूहले लगाएको आगोबाट अदालतको अभिलेख फाँट, तहसिल शाखा, मुद्दा फाँटका केही मिसिलहरू, सर्भर, इजलास च्याम्बर, दसीका सवारीसाधनहरू, जिल्ला न्यायाधीशको सवारीसाधन जलेर नष्ट भएको उल्लेख छ ।

**थप क्षति हुन नदिन युवाहरू परिचालित**

जिल्ला सदरमुकामस्थित शिक्षा विकास तथा समन्वय इकाइ, सरकारी वकिल कार्यालय, सिराहा नगर कार्यपालिकाको भवनमा आगजनी तथा नापी कार्यालयमा तोडफोड भएपछि बुधबार बिहानदेखि नै स्थानीय युवाहरू सरकारी संरचनाको थप क्षति हुन नदिन परिचालित भएका छन्। पत्रकारसमेत रहेका स्थानीय बद्रीनारायण यादवका अनुसार युवाहरूको समूह थप आगजनी तोडफोड हुनु नदिन र त्रासरहित वातावरण बनाउन सुरक्षा निकायसँग समन्वयमा रहने गरी परिचालित भएका हुन् ।

जिल्लाको दोस्रो मुख्य ठाउँ लहानमा मंगलबार दिउँसोदेखि कर्फ्यु घोषणा भए लगत्तैदेखि लहान क्षत्रमा रहेका विभिन्न १० कार्यालयमा तोडफोड र आगजनी भएको छ । प्रदर्शनकारीहरूले लहान– १० ग्रामीणस्थित नगर कार्यपालिका कार्यालय, डिभिजन वन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र सवारीसाधनमा आगजनी गरेका थिए । इलाकामा नागरिकताको अभिलेख शाखा, राष्ट्रिय परिचयपत्र र राहदानी शाखामा आगजनी गर्नुका साथै सेवाग्राहीहरूका लागि बस्न बनाइएको प्रतीक्षा कक्षको फर्निचर, खानेपानीको ट्यांकी, कार्यालयको स्कर्पियो तोडफोड भएको छ ।

प्रदर्शनकारीले लहान नगरको ४, ६, ७ र ८ नम्बर वार्डको कार्यालय रहेको नगरको स्वामित्वमा रहेको भवनमा तोडफोड गरी सम्पूर्ण कागजपत्र, फर्निचर, कम्प्युटर तोडफोड गर्नुका साथै राजस्व कार्यालयदेखि करिब एक सय मिटरको दूरीमा रहेको नगरप्रमुखको घरमा पनि तोडफोड गरेका छन्। आन्तरिक राजस्व कार्यालय आगजनी

–बाँकी दुई पेजमा

## मधेशका तीनवटा जेलबाट भागे ९८३ कैदीबन्दी

जनकपुरधाम, २५ भदौ । मधेशका तीनवटा कारागारबाट ९८३ कैदीबन्दी फरार भएका छन् । सप्तरीको राजविराज, महोत्तरीको जलेश्वर र रौतहटको गौर कारागारबाट उनीहरू आन्दोलन, आगजनी र तोडफोड गरी भागेका हुन् । मधेशमा धनुषा र बारा बाहेक ६ वटा जिल्लामा कारागार छन् । सप्तरीको राजविराजस्थित सप्तरी कारागारबाट २०५ कैदीबन्दी भागेका छन् । जसमध्ये ३१ जनालाई नियन्त्रणमा लिन सफल भएको सप्तरीका प्रमुख जिल्ला अधिकारी ( सीडीओ) टुवराज पोखरेलले बताए ।

दिउँसो १ बजेतिर थुनुवाहरूले भाग्नका लागि कारागार भित्र आगजनी गरेका थिए । प्रहरीहरू आगलागी निभाउन थालेपछि कैदी बन्दीहरू फरार भएका हुन् । त्यस क्रममा २५ जना र ६ जना गरी ३१ जनालाई नियन्त्रणमा लिन सफल भएको सीडीओ पोखरेलको भनाइ छ । उनीहरू भारततिर भागेको हुन सक्ने प्रहरीको आशंका छ । 'इन्डियाको नाकातिर भागेको हुन सक्छ । ३१ जनलाई पक्राउ गरि ल्याइएको छ । बाँकीको पनि खोजी गरिरहेका छौं' सीडीओ पोखरेलले भने ।

जेनजीको आन्दोलनको क्रममा ललितपुरको नख्खु कारागारबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेको बाहिर निक्लेसँगै देशभर कैदीबन्दीले 'जेलब्रेक' गरेर फरार भएका हुन् । त्यही नजिर राख्दै देशका अन्य जेलहरूबाट समेत कैदीबन्दी भित्रै आन्दोलन चर्काएर भागिरेका छन् । महोत्तरीको जलेश्वर कारागारबाट मंगलबार साँझ सबै ५७६ कैदीबन्दी भागेका थिए । मधेश आन्दोलनका क्रममा भएका सशस्त्र प्रहरीका सई थमन विक हत्या प्रकरणको अभियोगमा रहेका ६ केदीलाई आन्दोलनकारी रिहाइ गराउन गएको बेला कैदीबन्दी पनि आन्दोलन गरेर भागेका हुन् ।

यस्तै गौर कारागारबाट २३३

–बाँकी दुई पेजमा

## सर्लाहीमा जसपा मधेश अध्यक्ष यादव पक्राउ



रौतहट, २५ भदौ । जसपाका मधेशका प्रदेश अध्यक्ष अशोक यादवलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीको टोलीले उनलाई बुधबार दिउँसो मलङ्गवाको शिवसागर चोकबाट नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार यादवमाथि प्रहरी उपरीक्षक (एसपी) लाई गाली गरेको तथा आपराधिक उपद्र र राज्यविरुद्धको अपराधमा संलग्न भएको आरोप छ । सोही आधारमा उनलाई पक्राउ गरिएको हो । प्रहरी उपरीक्षकसँग भएको गालिगलौजको अडियो केही दिन अघि सामाजिक संजालमा भाइरल बनेको थियो । असारको अन्तीम साता पूर्वाधार विकास कार्यालय मलंगवमा भुक्तानीका विषयमा विवाद भएपछि यादवले सर्लाही प्रहरी प्रमुखलाई गालिगलौज गरेका थिए । त्यस पछि फरार रहेका उनी बुधबार पक्राउ परेको सर्लाही प्रहरीका प्रवक्ता डिएसपी सरोज राईले बताए । यादवलाई पक्राउ गरी थप अनुसन्धान अघि बढाइने जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता राइले बताएका छन् ।




## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पु-याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पु-याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु-याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पु-याउँछ

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## लोकतान्त्रिक अभ्यासको परीक्षा

नेपालको आगामी सरकारको नेतृत्वका लागि पूर्वप्रधानन्यायाधीश शुशीला कार्कीको नाम अगाडि सारिएपछि देशभर राजनीतिक बहस पुनः तातेको छ । कानून र संविधानको पालनामा दृढ, इमानदार र निष्पक्ष छवाका कारण कार्कीको नाम अघि बढाइएको दावी गरिएको छ । तर, देशभर विशेषगरी जेनरेसन जेड (न्भल श) युवाहरूको एउटा ठूलो समूह भने उक्त प्रस्तावप्रति असहमति जनाउँदै विरोध प्रदर्शनमा उत्रिएको छ । बुधबार दिउँसो जेनजी प्रतिनिधिहरूद्वारा कार्कीको नाम औपचारिक रूपमा अगाडि सारिए पनि त्यसै दिन जंगीअ ामा भेला भएका सयौं युवाहरूले उक्त प्रस्तावको विरोध गर्दै नाराबाजी गरे । उनीहरूको माग स्पष्ट थियो "शुशीला कार्की होइन, काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) लाई नेतृत्वमा ल्याउनुपर्छ" बालेन स्वयंले मंगलबार बेलुकी सामाजिक सञ्जालमार्फत सेना प्रमुखसँग वार्ताका लागि तयार रहन आग्रह गर्दै जेनजीलाई संयमित रहन भनेका थिए । तर उनी नेतृत्वका लागि तयार छन् कि छैनन् भन्ने अझै खुलेको छैन ।

जेनजीले प्रयोग गर्दै आएको डिस्कर्ड जस्ता सामाजिक सञ्जालहरूमा यस विषयमा व्यापक छलफल भएको थियो । केहीले कार्कीको पक्षमा तर्क गरे, उनको न्यायपालिका अनुभव, विधिप्रति आस्था र इमानदारीलाई उच्च मूल्यांकन गरे । तर धेरै युवाले कार्कीलाई "पुरानो प्रणालीको प्रतिनिधि" भन्दै अस्वीकार गरे । उनीहरू बालेनजस्ता स्वतन्त्र, जनतामाझ खारिएका, र वैकल्पिक धारका नेताको खोजीमा छन् । नेपाली सेनाको भूमिकाले पनि घटनाक्रमलाई थप संवेदनशील बनाएको छ । जंगीअड्डामा वार्ताका लागि पुगेका जेनजी प्रतिनिधिहरूलाई सेना प्रमुख अशोकराज सिग्देलले "पहिले आन्तरिक सहमति बनाएर मात्र आउन" आग्रह गरे। संयोजकबिना १५ जनाभन्दा बढीको टोली पुगेपछि, सेना प्रमुखले स्पष्ट सन्देश दिए, नेतृत्व चयनमा अनुशासन र स्पष्ट संरचना अनिवार्य छ ।

यहीबीच, केही युवाहरूले गणतन्त्रको विकल्पमा अन्य शासन प्रणालीको प्रस्ताव राखेपछि, जेनजीभित्रै विवाद उत्पन्न भयो । त्यसले रक्षा बमन्न समूहको बाहिरिने अवस्था बनायो । अन्ततः जंगीअड्डामा भएको अनौपचारिक छलफलपछि नागरिक सरकारको नेतृत्व शुशीला कार्कीले लिने सहमति बनेको जानकारी आएको छ। यद्यपि, त्यो सहमति व्यापक जनआधारमा आधारित छैन भन्ने स्पष्ट देखिन्छ । यस सम्पूर्ण घटनाक्रमले नेपाली लोकतन्त्रको एउटा गहिरो संकट उजागर गरेको छ, नेतृत्वप्रति अविश्वास, प्रक्रियागत अस्पष्टता, र युवापुस्ताको असंगठित तर ऊर्जाशील हस्तक्षेप। एकातर्फ, अनुभवी, कानुनी अभ्यासमा अब्बल नेताको खोजी छ भने अर्कोतर्फ, जनसरोकार र वैकल्पिक सोच भएका युवा नेताको माग छ ।

### *सिरहा जिल्ला ...*

गरेर ध्वस्त बनाएका छन् । लहानस्थित नापी कार्यालय, यातायात व्यवस्था कार्यालयमा पनि प्रदर्शनकारीले आगजनी गरेका छन् ।

सरकारी कार्यालयहरूको आगजनीपछि अपराह्न करिब ४ बजेतिर पूर्व–पश्चिम सडकसँगै जोडिएको लहान– १ स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा राखिएको चिनी चामल लुटपाट भएको छ । ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरेपछि नजिकै रहेको खाद्यको गोदाममा रहेको सात हजार क्विन्टल जिरा चामल, पाँच सय क्विन्टल सोना चामल, तीन हजार पाँच सय क्विन्टल चिनी लुटपाट भएको एक कर्मचारीले बताए । उनका अनुसार चामल, चिनी लुटपाटसँगै कार्यालयको चारपांग्रे सवारीसाधन र कार्यालयमा आगजनी भएको छ ।

आन्दोलनको क्रममा मंगलबार दिउँसो सिराहाको लहानसहित सिराहा, धनगढीमाई, गोलबजार, मिर्चैया नगरपालिका तथा भगवानपुर, नरहा, औरही, विष्णुपुर गाउँपालिकामा आगजनी भएको छ भने नवराजपुर र अर्नमा गाउँपालिकामा तोडफोड भएको पालिकाका कर्मचारीले बताए ।

### *मधेशका तीनवटा ...*

कैदीबन्दी फरार भएका छन् । २९१ कैदी रहेको जेलमा तोडफोड गरी २४ जना बाहेक सबै भागेका छन् । यस्तै सर्लाहीको मलंगवा कारागारमा बुधबार बिहान आन्दोलन गरेर कैदीबन्दी आगजनी गरेर भाग्न खोजेपनि तीनवटै सुरक्षा निकायले रोक्न सफल भएका छन् । आगजानी नियन्त्रणमा लिएका थिए । सो जेलमा विवादित धर्मगुरु रामबहादुर बम्जन छन् । उनका समर्थकहरू उनलाई त्यहाँ आक्रमण गरेर छुटाउन पुगेका थिए ।

यद्यपि, सुरक्षाकर्मीले धपाएका थिए भने आगजनी निभाएका थिए । त्यस क्रममा कयौं राउण्ड हवाई फायर र अश्रुग्यास सुरक्षाकर्मीले प्रहार गरेका थिए । वीरगञ्जको कारागारबाट भाग्न खोजेपछि रातिदेखि नै तनाव थियो । नेपाली सेनाले गोली चलाएर वीरगञ्जमा कैदीबन्दीलाई रोकेको छ । अहिले देशका धेरै कारागारमा नेपाली सेना परिचालन गरिएको छ ।

सिरहा कारागार भने अहिलेसम्म शान्त छ । कैदीहरू जेलबाट भागेपछि समाजमा असुरक्षा र भयत्रास सिर्जना भएको छ । फरार कैदीहरुको खोजी कार्य भइरहेको प्रशासनले जनाएको छ ।

# सिंहदरबार जल्दा इतिहास खरानी

**अब हाम्रो नयाँ पुस्ताले कति टाढासम्म देख्ला र देशलाई सही दिशातिर डोहोऱ्याउला ? अध्येता नेपालको प्रश्न पनि उस्तै छ, 'ऐतिहासिक दस्तावेज रहने ठाउँहरू सबै जले । अब कहाँ खोज्ने इतिहास ?'**

**रघुनाथ बजगाईं**

काठमाडौं, २५ भदौ । मंगलबार दिउँसो सवा २ बजे सिंहदरबार पुग्दा दक्षिणतर्फको गेट अगाडि फलामका छेकबार थिए । गेटभित्र थिए– नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी थिए । सिंहदरबारको सुरक्षा दिइरहेका सुरक्षा युनिटका जवानहरूको अनुहार भने मलिन देखिन्थे । हातमा हतियार थियो, तर आफैं सुरक्षित महसुस गरिरहेका थिएनन् । दक्षिण गेटबाट भित्र छिर्दा पश्चिम गेटतिर नेपाल आर्मीको एउटा टोली दौडिरहेको थियो । पश्चिम गेटबाट प्रदर्शनकारी सिंहदरबार प्रवेश गरेका थिए । केहीबेरमै उनीहरूलाई बाहिर निकालेर सुरक्षाकर्मीले सिंहदरबारको सुरक्षा नियन्त्रणमा लिए ।

सिंहदरबारको सुरक्षा नियन्त्रणमा आएको सूचना प्रवाह गर्न नपाउँदै पूर्वी गेट अगाडि टायर बालेर प्रदर्शनकारीहरूले नारा लगाउन थाले 'अहिले जलाउँछौं, भोलि बनाउँला', 'हामी भत्काउँछौं, हामी नै बनाउँछौं', 'अब छोड्दे, अब छोड्दे ।' गेटमा परिचालित तीनवटै सुरक्षा निकायका टोली नयाँ बानेश्वरस्थित संसद भवन जलाउने प्रदर्शनकारीहरू पुगेपछि भने पछाडि हट्ने वातावरण बन्यो । प्रदर्शनकारीले फलामका छेकबार हटाए ।

उनीहरूले प्लास्टिकको डिभाइडरभित्र बोरा बालेर पेट्रोल खनाए । सुरक्षा निकाय पछाडि हट्यो । सुरक्षाकर्मीले सिंहदरबार गेटमा तीन फन्का बेरिएको फलामको साङ्लो एक फन्कामा झारेर ताला लगाइदिए । प्रदर्शनकारीले गेट तोडफोड सुरु गरेपछि सुरक्षाकर्मीहरू सिंहदरबारभित्र संघीय मामिला मन्त्रालयको अगाडि हुँदै कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय छेउतिर गए । प्रदर्शनकारी गेट तोडेर छिरे ।

सुरक्षा निकाय गाडी चढेर बाहिरिएसँगै प्रदर्शनकारीले नेपालको झन्डा देखाएर सुरक्षाकर्मीहरूलाई बिदा गरे । सुरक्षाकर्मीहरू सिंहदरबारबाट बाहिरिँदा गेट छेउमै रहेको सुरक्षा पोस्टमा आगो दन्किरहेको थियो । त्यतिबेलासम्म पश्चिम गेट र पूर्वी गेटबाट पनि प्रदर्शनकारी छिरिसकेका थिए । पश्चिम गेटबाट प्रवेश गरेकाहरूले गृह मन्त्रालयबाट तोडफोड सुरु गरे । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हुँदै कांग्रस र नेकपा एमालेको संसदीय दलको कार्यालयसम्म पुगे । दक्षिण गेटबाट प्रवेश गरेकाहरूले संघीय मामिला मन्त्रालयबाट तोडफोड सुरु गरे । तोडफोडसँगै आगो लगाए ।

सिंहदरबारबाट पत्रकारलाई बाहिरिन समेत सकस परेको थियो । 'पत्रकार हो ! बाहिर जाऊ' प्रदर्शनकारीमध्ये एकले भने । 'अबको रिर्पोटिङ हामी गरौंला' अर्कोले थपे । सिंहदरबार पूर्णतः प्रदर्शनकारीको नियन्त्रणमा गयो । क्षणभरमै नेपालको राजनीतिक–प्रशासनिक केन्द्र सिंहदरबारका संरचना ध्वस्त भयो । नेपालको हालसम्मकै सर्वाधिक ठूलो सरकारी भवन, सबैभन्दा ठूलो प्रशासनिक कम्प्लेक्स खण्डहर भयो । नेपालको राजनीतिक र प्रशासनिक सत्ताको केन्द्र, जसलाई कतिपयले 'नेपालको सत्ता–मन्दिर' पनि भन्छन्, सिंहदरबार धेरैपटक आगोको लपेटामा पऱ्यो, केही बलिया धक्का भूकम्पहरूको पनि भेट्टायो ।

तर, यसपटक यो लगभग पूर्ण रूपमा जल्यो, जसलाई कसैले पनि बचाउन सकेन । जबकि सिंहदरबारले वर्षौंवर्षदेखि धेरै संस्था र व्यक्तिहरूलाई आश्रय दिँदै आएको छ । जसोतसो बाहिर निस्किएँ र सडकछेउको घर चढेर



आगोको मुस्लोले निलिरहेको सिंहदरबारका सुन्दर दरबारहरू हेरिरहें । मन शुन्य भयो । काला मुस्लाहरूले संघीय मामिला मन्त्रालय, ऊर्जा मन्त्रालय लगायत भवन जलिरहेको थियो । तातोले ग्यासका सिलिन्डर पड्किँदा बेलाबेला झल्याँस्स बन्थें । सँगै पड्किरहेका थिए, गाडीका पार्टपूर्जा पड्किरहेका थिए । धुँवाले आकाश ढाकेको थियो । नयाँ बानेश्वरस्थित संसद भवनबाट निस्केको धुवाँ र सिंहदरबारको धुवाँले आसपासको बस्ती पूरै धुँवाले ढकमक थियो ।

आकाशमा कालो बादलले पानी दिएर जान्छ । मुलुकका यी प्रशासनिक भवनहरू निल्दै निस्किरहेको यी काला धुँवाहरूले कति नेपालीलाई प्रवास धकेल्ने हो, कतिको रोजागरी खोस्ने हो ? कतिले के के गुमाउने हो ? मलाई भने प्रश्नहरूले पुरे । तथापि, युवाहरू सडकमा निस्फिक्री देखिन्थे । कुनै भयानक युद्ध जस्तो जहाँ प्रतिकार गर्ने कोही छैन । यी भवनहरू जलेकोमा उनीहरूको अनुहारमा कुनै बेचैनी थिएन । यस्तो लाग्थ्यो, बरू उनीहरूलाई खुसी थपिररहेको थियो । समयमै क्षति रोक्न राज्य संयन्त्र किन लागेन ? कि हाम्रो राष्ट्र–राज्य नै राम्ररी बनिसकेको छैन ? मनका अनेका प्रश्न उठे जसले मनलाई जोडिरहेका धेरै विश्वासका तारहरू छिनाले ।

आगोले निलेको भवनहरू नेपालीकै रगत–पसिनाले बन्ला । विछाडे सहेर विदेशिएका युवाहरूले पठाउने रेमिटेन्सले बन्ला । तर, महत्वपूर्ण काजगाज, हाम्रो इतिहास, यसलाई कसले बनाउने ? पछि, संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीलाई सोधें । उनका अनुसार, सिंहदरबार मात्रै जलेको छैन, यसको इतिहास जलेको छ । सन् १९०८ मा चन्द्र शमशेरले निर्माण गरेका यो दरबार लामो समयसम्म एशियाकै सबैभन्दा ठूलो महल मानिन्थ्यो । प्रवक्ता गिरीका अनुसार नेपाली कांग्रेस र नेकपा एमालेको संसदीय दलको कार्यालय खरानी भएको छ । संसद भवनको एक नम्बर बिल्डिङ अगाडि राखिएका गाडी र बाइकहरूका अस्थिपञ्जर मात्र बाँकी छन् । संसद् भवनकै दुई नम्बर बिल्डिङ अगाडि राखिएका सवारी तोडफोड भएका छन् ।

'क्षतिको यकिन विवरण आएको छैन । तर, ठूलो क्षति भएको छ,' प्रवक्ता गिरीले भने । शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक मचाकाजी महर्जनसँग गफिएँ । उन अनुसार सिंहदरबारभित्र ३० बढी भवन रहेका छन् । '५/६ वटा राणाकालीन, १५/१६ वटा नयाँ र अरू समेत गर्दा ३० भन्दा बढी भवन रहेका छन्,' उनले विस्तारमा बताए । सिंहदरबारबाट निस्केर बबरमहलतिर पुग्दा काठमाडौं जिल्ला अदालत, विशेष अदालत, सडक विभाग, अन्य सरकारी कार्यालय जलिरहेका थिए । यी भवनमा रहेका कागजात जलेर आगोको राता र रापिला मुस्ला बन्दै आकाशतिर कतै हराइरहेका थिए ।

केहीबेरमै सर्वोच्च अदालतको भवनबाट पनि आगोको मुस्लो निस्क्यो । माइतीघर नजिकै रहेको सरकारी वकिलको कार्यालयमा पनि आगो दन्कियो । नजिक रहेका निजी संरचनामा पनि आगो लाग्यो । बबलमहल पुग्दा ट्राफिक प्रहरी नै जेनजीसँग 'हो मा हो' मिलाइरहेका थिए । विस्तारै साँझ पर्न थालेपछि प्रदर्शनकारीहरूले सुरक्षा निकायका गाडीहरू नियन्त्रणमा लिए । 'हत्यारा सरकार' लेखिएको ब्यानरमा सिंहदरबार परिसर परिक्रमा गरे । सुरक्षा निकायको गाडी प्रयोग गरेर माइतीघरबाट नयाँ बानेश्वरसम्म ओहोरदोहोर पनि गरे । सडकबीचमा युवाहरूको सेलेब्रेसन चलिरहेको थियो । साइडमा रहेका सरकारी कार्यालयमा दनदनी आगो बलिरहेको थियो । आगोको मुस्लो छेउ पुग्दा र ग्यासका सिलिण्डर पड्केर आवाज आउँदा उनीहरू खुसीयालीमा हुटिङ गर्दथे ।

सिंहदरबारमा आगोले के के निलिरहेको छ ? जवाफ खोज्न घर फर्किएपछि तथ्यांक केलाएँ । भवन निर्माण विभागको अभिलेख अनुसार सिंहदरबारभित्र दुई हजार बढी कोठा रहेछन् । संख्याको विशालता मात्रै होइन, शक्ति र गुणले पनि यो निकै महत्वपूर्ण छ । राणा शासनदेखि लोकतन्त्र, बहुदल, राजतन्त्र हुँदै गणतन्त्र, एकात्मकदेखि संघीय शासनसम्म सबै शासकीय मोडहरू हेरेको सिंहदरबार आफैंमा ऐतिहासिक संरचना हो । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका दुई किलोमिटरको दुरीमा छ । रामशहपथ देखि नयाँ वानेश्वरसम्म रहेका तीन वटै निकायका संरचना क्षणाभरमै खण्डहर भयो । भवन मात्रै खरानी भएनन्, त्यसभित्र रहेका ऐतिहासिक दस्तावेजहरू जलेका छन् ।

'सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत परिसर सुरक्षाका दृष्टिले संवेदनशील ठाउँ हो । यी क्षेत्रमा राज्यको उच्च सुरक्षा हुन्छ । यो क्षेत्रमा बस्दा सुरक्षित भइन्छ भन्ने थियो तर, बुधबार सिंहदरबार नै रहेन । बाँकी सुरक्षा के होला !' बबरमहल निवासी एक युवा भन्दै थिए । उनी सिंहदरबारभित्रै पाँचौं तहमा काम गर्ने कर्मचारी रहेछन् । उनको चिन्ता सिंहदबार र सरकारी कार्यालय जल्नुभन्दा ज्यादा नेपालको ऐतिहासिक कागजात जल्यो भन्नेमा थियो । उनी भन्दै थिए, 'नेताहरूको प्रवृत्तिले समस्या पारेको हो । त्यतातिर केन्द्रित भएको भए हुन्थ्यो । अब सिंहदरबार जलाएपछि नेपालको कैयन ऐतिहासिक दस्तावेज रहेन । यसले इतिहास नै कस्तो लेखिने हो भन्ने चिन्ता छ ।'

मंगलबार लागेको आगो बुधबार बिहानसम्म पनि निभेको छैन । सम्भवतः आगोलाई पनि गाह्रो भइरहेको छ इतिहास बोकेको सिंहदरबार निल्न । सम्बन्धित कार्यालयले क्षतिको आकलन सुरु गरेका छन् । अब कसरी अगाडि

# नयाँ सरकार गठनका वैधानिक विकल्प के छन् ?

मुलुकको संविधानले परिकल्पना नै नगरेको माग सम्बोधन गर्नुपर्ने अवस्था आएमा संवैधानिक परिस्थिति थप संक्रमणतिर जाने वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली बताउँछन् ।

**कृष्ण ज्ञवाली**

काठमाडौं, २५ भदौ । अत्यधिक बल प्रयोगबाट १९ जनाको ज्यान गएको भोलिपल्ट युवा आन्दोलनकारीहरुको प्रदर्शन चर्किएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए । त्यसलगत्तै राष्ट्रपति रामचन्द्र पौडेलले सबै पक्षलाई संयम हुन आग्रह गर्दै जेनजी आन्दोलनकारीलाई समेत वार्ताका लागि आह्वान गरे । नियमित प्रक्रिया हुन्थ्यो भने, प्रधानमन्त्रीको राजीनामा पत्र पाए लगत्तै राष्ट्रपतिले नयाँ सरकार गठनको प्रक्रिया अघि बढाउनुपर्ने हुन्थ्यो । तर, जेनजीको आन्दोलनका कारण सरकारले घुँडा टेकेकाले राष्ट्रपति पौडेलले आन्दोलनरत पक्ष (जेनजी प्रतिनिधि)लाई वार्ताका लागि बोलाएका छन् । उनी अर्को सरकार गठनको प्रक्रियामा हतारिएका छैनन् ।

उनले छलफलका लागि आह्वान गरेर त्यसपछि मात्रै एउटा निष्कर्षका साथ सरकार गठनको तयारी गरेको बुझिन्छ । राष्ट्रपतिले आन्दोलनरत पक्षलाई वार्तामा बोलाउनु भनेको उनीहरूको आन्दोलनलाई स्वीकार गरेर माग सम्बोधन गर्न तत्पर हुनु समेत हो । त्यसक्रममा आन्दोलनकारीहरुले कस्ता माग अघि सार्छन् र राष्ट्रपतिले कसरी सम्बोधन गर्न खोज्छन् भन्ने विषय छलफलबाट तय हुन्छ । राष्ट्रपति पौडेलको सचिवालय स्रोतका अनुसार, आन्दोलनरत जेनजीका केही प्रतिनिधिहरुसँग सम्पर्क गरी बोलाएर छलफल गर्ने तयारी भएको छ । तर उनीहरुमध्ये को आधिकारिक हुन् र उनीहरुको भूमिका के हो भन्नेबारे निकै अन्योल देखिएको छ ।

सम्भवतः बुधबार अपराह्नसम्म राष्ट्रपतिहरुसँग छलफल भएमा धेरै कुरा तय हुने सचिवालयका केही सल्लाहकारहरूको भनाइ छ । राष्ट्रपतिले त्यसका लागि आन्दोलनरत पक्षसँग छलफलको तयारी गरेका छन् । त्यसपछि पनि नयाँ सरकार गठन प्रक्रिया सहज हुने देखिँदैन । खासगरी संवैधानिक प्रक्रियाबाट बाहिर गएर समेत समाधान खोज्नुपर्ने प्रक्रिया थप अन्योल हुनसक्छ । सरकार गठनका सम्भावित विकल्पहरुबारे हामीले केही संवैधानिक कानूनविद्हरुसँग छलफल गरेका छौं । वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली मुलुक संविधानको लिकबाहिर जाने अवस्थामा रहेको टिप्पणी गर्छन् । 'आन्दोलनको स्पिरिट अनुसार अब नयाँ सरकार गठन गर्नुपर्ने माग उठेमा त्यसका लागि संविधानभित्रको प्रक्रिया सम्भव नहुन सक्छ' ज्ञवालीले अनलाइनखबरसँग भने, 'शासन सञ्चालनको प्रक्रिया कि त संविधानसम्मत हुनुपर्‍यो, होइन भने संविधान संशोधन गर्नुपर्छ ।'

संविधानकै प्रक्रियाबाट नियुक्त हुने प्रधानमन्त्रीलाई आन्दोलनकारी पक्षहरुले स्वीकार गरेमा अन्तरिम सरकार गठनमा समेत खासै समस्या देखिँदैन । किनभने प्रतिनिधिसभाको सदस्य रहने जो कोहीलाई प्रधानमन्त्री बनाउन संवैधानिक रुपमा बाधा पर्दैन । र, उक्त प्रधानमन्त्रीको साथमा संघीय संसद् सदस्य नरहेका व्यक्ति समेत ६ महिनाका लागि जुनसुकै वरीयताका मन्त्री हुन पाउँछन् ।

आन्दोलनको मर्म अनुसार सरकार गठन हुनुपर्ने माग राखेर सांसद् बाहेकका व्यक्ति समेत प्रधानमन्त्री बन्ने परिस्थिति भए विद्यमान संविधानले त्यो प्रक्रियालाई थेग्न सक्दैन । त्यो अवस्थामा वरिष्ठ अधिवक्ता डा. ज्ञवालीले भने अनुसार मुलुकको राजनीतिक प्रक्रिया संविधानको लिकबाहिर जानेछ । आन्दोलनका कारण ओली सरकार ढलेको र कतिपयले युवा प्रतिनिधित्व सहितको सरकार गठनको माग गरेकाले अब अर्कै कोर्सबाट सरकार गठन हुने सम्भावना समेत छ ।

संवैधानिक कानूनका ज्ञाता एवं वरिष्ठ अधिवक्ता ललितकुमार बस्नेत पूर्वराष्ट्रपति डा. रामवरण यादवको कानूनी सल्लाहकार समेत हुन् । संविधानको प्रक्रिया अनुसार सरकार नबन्ने भएमा राष्ट्रपतिले संविधानको भावना र मर्म तलमाथि नहुने गरी संक्रमणकालीन अवस्था अघि बढाउनसक्ने बताउँछन् । 'त्यस्तो अवस्थामा नेपाली समाजले आशा र विश्वास गरेका व्यक्तिले सरकारको नेतृत्व गर्ने र त्यसमा अन्य पक्षहरुको सहभागिता हुनसक्छ' उनी भन्छन्, 'त्यस्तो सरकारले सक्दो छिटो संक्रमणकालीन अवस्था पार लगाएर मुलुकलाई नियमित प्रक्रियामा फर्काउनुपर्नेछ ।'

आन्दोलनका क्रममा कतिपयले प्रतिनिधिसभा विघटनको माग समेत अघि सारेका छन् । मुलुकको संविधानले परिकल्पना नै नगरेको माग सम्बोधन गर्नुपर्ने अवस्था आएमा संवैधानिक परिस्थिति थप संक्रमणतिर जाने वरिष्ठ अधिवक्ता डा. ज्ञवाली बताउँछन् । उनी भन्छन्, 'संसद नै विघटन हुने अवस्थामा राजनीतिक परिस्थिति थप जटिल हुने देखिन्छ । त्यस्तो अवस्थामा राष्ट्रपतिले सर्वदलीय सहमतिका आधारमा निकास खोज्नसक्छन् ।' २०६२/६३ को जनआन्दोलनपछि सरकार गठन र प्रतिनिधिसभा पुनर्स्थापनापछि यस्तै संवैधानिक अन्योल थियो । जनआन्दोलनको बलमा प्रतिनिधिसभा पुनर्स्थापित भएपछि मात्रै प्रतिनिधिसभाको महत्वपूर्ण घोषणा आएको थियो ।

त्यतिबेला प्रतिनिधिसभा पुनःस्थापना भएकोमा शसंकित माओवादीले शुरुमा त्यसको विरोध गरेको थियो । पछि बल्ल हिंसात्मक राजनीतिबाट मूलधारमा आएका माओवादी नेताहरु निर्वाचनविना नै अन्तरिम संसद्मा सहभागी भएका थिए । त्यतिबेला तत्कालीन दरबारलाई पराजित गरेका संसद्वादी नेता र शान्ति प्रक्रियामा फर्किएका माओवादीहरुले टेबुलमै बसेर अन्तरिम संविधान बनाएका थिए ।

परिस्थिति त्यतिबेलाको भन्दा भिन्न देख्ने अर्का एक वरिष्ठ अधिवक्ता कतिपय आन्दोलनले नेता जन्माउने भन्दै सडकको माग अनुसार नेतृत्व चयन हुनसक्ने सम्भावना देख्छन् । त्यस्तोमा संवैधानिक प्रक्रिया के हुनसक्छ त ? 'राष्ट्रपतिले नियुक्ति गरेपछि नमिल्ने हुँदैन । हिजो पनि आन्दोलन र त्यसका उपलब्धिका जगमा कैयौं काम भएका थिए' व्यंग्यात्मक रुपमा उनले भने, 'खरानीजस्तो भइसकेको अदालत हिजोको तुलनामा भनै कमजोर अवस्थामा पुगेको छ, असम्भव भन्ने के नै छ र ?'

## जेलबाट भागेका कैदी पक्राउ गर्दै रौतहट प्रहरी

चन्द्रपुर, २५ भदौ । मंगलबार राति गौर कारागारबाट फरार रहेका कैदीलाई जिल्ला प्रहरी कार्यालय रौतहटले धमाधम पक्राउ गरिरहेको छ । कारागार भत्काएर भागेका १३ जना कैदीलाई बुधबार बिहान सीमा क्षेत्रबाट पक्राउ गरिएको प्रमुख जिल्ला अधिकारी विनोद खड्काले जानकारी दिए । उनका अनुसार एक सय ९१ कैदी रहेको सो कारागारभित्र अहिले ६१ जना छन् । प्रजिअ खडकाले अन्य कैदीहरूको पनि खोजीकार्य भइरहेको बताए । उनका अनुसार अहिले जिल्लाको सहरी क्षेत्रमा नेपाली सेना खटेपछि वातावरण शान्त बनेको छ ।

मङ्गलबार जेनजीका प्रदर्शनकारीले चन्द्रपुर नगरपालिका, इलाका प्रहरी कार्यालय, डिभिजन सडक कार्यालय, डिभिजन वन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन आगलागी गरेर पूर्ण रुपमा क्षति पुऱ्याएका प्रजिअ खड्काले जानकारी दिए । चन्द्रनिगाहपुरमा प्रदर्शनकारीले रौतहट घर भएका संघीय सांसद देवप्रसाद तिमलसिना, रौतहट घर भएका प्रदेशसभा सदस्य युवराज भट्टराई, नगरप्रमुख सज्जयकुमार काफ्ले, रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारी, नेकपा एमाले चन्द्रपुर नगर कमिटी कार्यालयको घरमा समेत आगो लगाएका छन् । त्यस्तै गौर नगरपालिकाको कार्यालय, एमाले, नेपाली कांग्रेसलगायत दलका कार्यालयमा समेत आगजनी गरेका थिए ।

## जनकपुरधाममा सेनाले सम्हाल्यो मोर्चा

जनकपुरधाम, २५ भदौ । जेनजी पुस्ताको आन्दोलनपछि जनकपुरधाममा मंगलबार रातिदेखि निरन्तर भइरहेको आगजनी र लुटपाटलाई नियन्त्रणमा लिन नेपाली सेनाले मोर्चा सम्हालेको छ । जनकपुरधामका भन्सार कार्यालय, प्रहरी चौकीहरू, उपमहानगरपालिका कार्यालय, यातायात कार्यालय, विभिन्न राजनीतिक दलका कार्यालय, मन्त्रिपरिषद्को कार्यालय, शिक्षा, कृषि र भौतिक पूर्वाधार मन्त्रालय, मधेस प्रदेश सभा भवन लगायतका महत्त्वपूर्ण संरचनामा तोडफोड, आगजनी र लुटपाट भएको थियो ।

विशेष गरी जनकपुरधाम उपमहानगरपालिकाको नयाँ पाँच तले भवनमा भएको आगजनीबाट करिब दुई सय ग्यास सिलिन्डर विस्फोट भएको थियो भने भवन पूर्णरूपमा क्षति भएको छ । सोही भवनमा रहेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, कुर्सी–टेबल लगायतका सम्पूर्ण सामग्री लुटेर भवनमा आगो लगाइएको जनाइएको छ । त्यसैगरी भन्सार कार्यालयमा रहेका सयौं मोटरसाइकल लुटिएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेका कम्प्युटर, ल्यापटपलगायत सम्पूर्ण विद्युतीय उपकरण मंगलबार राति १ बजेसम्म लुटपाट भएको बताइएको छ ।

बुधबार बिहानसम्म पनि विभिन्न कार्यालयमा लुटपाट नरोकिएपछि नेपाली सेनाले स्थिति नियन्त्रणमा लिँदै लुटपाट तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनेहरूलाई हटाएको छ । सेनाले अशान्ति बढाउने कार्य नगर्न र संलग्नहरूमाथि कडा कारबाही हुने चेतावनी दिएको छ ।

## सेनाको गोली लागेर धादिङमा दुई जनाको मृत्यु

काठमाडौं, २५ भदौ । धादिङमा गोली लागेर दुई कैदीको मृत्यु भएको छ सुरक्षाघेरा तोडेर कैदीबन्दी भाग्न खोजेपछि सुरक्षामा खटिएको नेपाली सेनाले गोली चलाएको थियो । गोली लागेर अन्दाजी ७५ वर्षीय बेनीघाट धादिङका जीतबहादुर घले र सुनवल नवलपरासी पश्चिमका ३६ वर्षीय इन्द्रबहादुर डालाको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले बताए । घले जबर्जस्ती करणी र डाला लागूऔषध मुद्दामा कैद सजाय काटिरहेका थिए ।

गोली लागेर अन्य सात कैदीबन्दी घाइते भएका छन्। घाइते कैदीबन्दीलाई केन्द्रीय कारागार काठमाडौं पठाइएको र उनीहरूको अवस्था हेरेर उपचारका लागि अस्पताल पठाइने सुवेदीले बताए । बिहान ९ बजेदेखि नै बाहिर निस्कने प्रयास गरेपनि दिउँसो १ बजेर १८ मिनेटमा उनीहरूले विद्रोह गरेका थिए । उनीहरूलाई रोक्न अनेकन प्रयास गर्दा असम्भव भएपछि गोली चलाउनु परेको प्रजिअ सुवेदीले नागरिकलाई बताए ।

स्थिति नियन्त्रणमा लिनेक्रममा ६ जना सुरक्षाकर्मी पनि घाइते भएका छन् । उनीहरूको अवस्था सामान्य छ । कैदीबन्दीले सेनामाथी नै आक्रमण गर्न थालेपछि बाध्य भएर गोली चलाउनु परेको प्रजिअ सुवेदीले बताए ।

## देशका धेरै कारागारबाट कैदीबन्दी भागे, कुख्यात अपराधीसमेत निस्किएपछि सुरक्षामा चुनौती



काठमाडौं, २५ भदौ । देशका धेरै कारागारबाट कैदीबन्दी भागेका छन् । नख्खु कारागारबाट कैदीबन्दी बाहिरिएपछि शुरू भएको कैदीबन्दी बाहिरिने क्रम बुधबार अबेरसम्म पनि चलेको छ । नख्खुबाट भन्डै १ हजार ३ सय जना सबै कैदीबन्दी गएराति नै भागेका थिए । यस्तै सुन्धारामा रहेको कारागारबाट पनि भन्डै ३ हजार ३ सय जना कैदीबन्दी गएराति नै भागेका छन् । डिल्लीबजार कारागारबाट भाग्न खोजेका कैदीबन्दीलाई भने सेनाले रोकेको छ । भाग्न खोजेकाहरूलाई सेनाले अन्यत्र लगेपछि भाग्न नचाहनेहरू त्यहीं छन् ।

डडेल्धुरा कारागारबाट भागेका ८५ कैदीबन्दीमध्ये ३३ जनालाई प्रहरीले पक्राउ गरेको छ । दाङको कारागारबाट भागेका ३ सय ३७ कैदीबन्दीमध्ये ४० जना पक्राउ परेका छन् । वीरगञ्ज, धादिङ, काभ्रेलगायतका कारागारबाट भाग्न खोज्नेहरूलाई सेनाले रोक्न प्रयास गर्दा कतिपय ठाउँमा गोली चलेको छ । सोलुखुम्बु, कास्की, सुनसरी, रौतहट, मकवानपुर, म्याग्दीलगायतका जिल्लाबाट पनि कैदीबन्दी भागेका छन् । सुदूरपश्चिमको बाजुराबाहेक सबै जिल्ला कारागारमा रहेका कैदीबन्दी भागेका छन् । हिजो बिहानको विवरण अनुसार देशभर भन्डै ३० हजार कैदीबन्दी थिए । जिल्लागत विवरण अनुसार अहिलेसम्म भन्डै एक तिहाइ कैदीबन्दी भागिसकेको अनुमान छ । तर अहिलेसम्म कति भागे र कति कारागारमै छन् भन्ने यकिन विवरण कारागार विभागमा पनि प्राप्त भएको छैन ।

देशका विभिन्न कारागारबाट कैदीबन्दी निस्किएपछि सुरक्षा चुनौती बढेको छ । जेलबाट निस्कनेमा कुख्यात अपराधीहरूसमेत छन् । नख्खु, कैलाली कारागारबाट निस्केका केही कैदीहरूले अदालत र सरकारी वकिल कार्यालयहरूलाई लक्षित गरी आक्रमणको प्रयास गरेका छन् । यस्तै निजी सम्पत्ति लुटपाट र आगजनीको जोखिमसमेत बढेको छ ।

# जलेको भवनभित्र तीन वटा शव भेटियो

काठमाडौं, २५ भदौ । हिजो आन्दोलनकारीले जलाइदिएको भवनभित्र काठमाण्डौ र कास्कीको पोखरामा गरी ३ वटा शव भेटिएको छ । प्रहरीका अनुसार पोखरा लेकसाइडमा रहेको गण्डकी प्रदेशका मन्त्री तथा व्यवसायी विन्दुकुमार थापाको अंशुभरा ग्रुपको भवनमा एक महिलाको शव भेटिएको छ । भवनमा बिहान जलेको अवस्थामा महिलाको शव भेटिएको हो ।

बिहान विन्दुकुमार थापाका भाइ ध्रुवा थापाको नयाँबजारमा रहेको घरमा रहेको गाडीको शोरूममा पनि एक महिलाको शव फेला परेको थियो । यस्तै नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकी छोरी गङ्गा दाहालको घरमा एक जना व्यक्तिको शव फेला परेको छ । प्रदर्शनकारीहरूले हिजो ललितपुर महानगरपालिका वडा नम्बर २६ सुनाकोठीमा रहेको दाहालको घरमा आगजनी गरेको थियो । जलेको अवस्थामा फेला परेको पुरुषको शव पहिचान हुन बाँकी रहेको छ ।

# प्रधानसेनापतिसँग जेनजी प्रतिनिधिको प्रस्ताव : सुशीला कार्कीको नेतृत्वमा सरकार बनाऔं

एक उच्च सैनिक अधिकृतले भने, 'उहाँहरूले सम्माननीयज्यूको नाम लिनु भएको छ, यद्यपि अझै अर्को समूहसँग समेत कुरा भइरहेको छ ।'



काठमाडौं, २५ भदौ । जंगीअ ामा भएको जेनजी प्रतिनिधिको बैठकमा शुशील कार्कीको नेतृत्वमा नागरिक सरकार बनाउन प्रस्ताव गरेको छ । यो प्रस्ताव नेपाली सेनाका प्रमुख अशोकराज सिग्देलसमक्ष पठाइएको छ । एक उच्च सैनिक अधिकृतले भने, 'उहाँहरूले सम्माननीयज्यूको नाम लिनु भएको छ, यद्यपि अझै अर्को समूहसँग समेत कुरा भइरहेको छ ।' सेनाले पूर्वप्रधानन्यायाधीश कार्कीसँग समेत संवाद गर्ने जनाएको छ । बुधबार दिनभर जनेजी युवाले सामाजिक सञ्जाल डिस्कर्डमा समेत कसलाई नेतृत्वमा ल्याउने भन्ने विषयमा छलफल गरेका थिए । त्यसक्रममा समेत कार्कीको पक्षमा बलियो मत प्रस्तुत भएको छ ।

धेरै युवाले काठमाडौं महानगरका मेयर बालेन शाहको नाम समेत प्रस्ताव गरेका थिए । तर, उनी सम्पर्कमा नआएको कतिपयको गुनासो छ । मंगलबार बेलुकी उनले स्टाटस लेख्दै जेनजीलाई सेना प्रमुखसँग वार्ताका गर्न तयार रहन भनेका थिए । बुधबार बिहान जेनजी प्रतिनिधि वार्ताका लागि जंगीअ ा पुगेका थिए । तर, १५ जनाभन्दा बढी छलफलका लागि पुगेपछि सेना प्रमुख अशोकराज सिग्देलले पहिले आपसमा सहमति गरेर आउन भनेका थिए । उनले संयोजक समेत तोकेर आउन आग्रह गरेका थिए । त्यसपछि जंगीअ ाकै एउटा कोठामा बैठक भएको थियो । त्यसक्रममा कतिपयले गणान्त्रिक व्यवस्थाविरुद्ध समेत प्रस्ताव राखेका थिए । त्यही कारण रक्षा बमसहितको समूह बाहिरिएको थियो । यद्यपि, अन्तिममा कार्कीको नेतृत्वमा नागरिक सरकार बनाउने सहमति भएको थियो ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल खुल्यो



काठमाडौं, २५ भदौ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ । विषम परिस्थितिका कारण मङ्गलवारदेखि बन्द रहेको विमानस्थल तत्काल लागू हुने गरी खुलाइएको विमानस्थल कार्यालयले जनाएको छ । बुधबार बसेको विमानस्थल सुरक्षा समितिको निर्णय अनुसार विमानस्थल पुनः शुरू गर्ने निर्णय भएको विमानस्थल कार्यालयले निकालेको सूचनामा उल्लेख छ ।

हवाई उडानका लागि विमानस्थल आवागमन गर्ने यात्रुले आ-आफ्नो वायुसेवा कम्पनीसँग सम्पर्क गरी उडान समयको जानकारी लिई मात्र विमानस्थल आउन विमानस्थल कार्यालयले अनुरोध गरेको छ । विमानस्थल बन्द हुँदा हिजोदेखि आन्तरिक र बाह्य दुवै उडान प्रभावित बनेका थिए ।

# सुरक्षाका कारण भारतद्वारा जमुनाहा सीमा नाका बन्द



नेपालगन्ज, २५ भदौ । जेनजी आन्दोलनका कारण नेपालमा भएको घटना क्रमलाई मध्यनजर भारतले नेपाल भारत जमुनाहा सीमा नाका बन्द गरेको छ । यसअघि नाकामा निकै कडाइ गरेको भारतीय सुरक्षाकर्मीहरूले नेपालको अवस्था गम्भीर बन्दै गएपछि नाका बन्द गरेको जनाएका छन् ।

बुधबार बिहानैबाट नाकामा कसैलाई पनि आवागमन गर्न नदिइएको जनाउँदै बिरामी, एम्बुलेन्स तथा अन्य आपातकालीन अवस्थाका नेपाली नागरिकलाई मात्र भारत प्रवेश गर्न दिइएको भारत रुपैडिहास्थित भारतीय प्रहरी थानाका प्रमुख रमेशसिंह रावतले बताउनुभयो । उहाँले भारतबाट आउने नेपालीलाई पनि अवस्था हेरेर जान दिइएको जनाउँदै भारतीयलाई नेपाल प्रवेश गर्न नदिइएको तथा नेपालीलाई भारत प्रवेश गर्न नदिइएको बताउनुभयो ।

देशभरी जेनजी विद्यार्थीले प्रदर्शन सुरु गरेपछि केन्द्रको आदेश जनाउँदै यहाँस्थित नेपाल भारत सिमानाको भारतीय सुरक्षा पोष्टमा एसएसबी र भारतीय प्रहरीले मङ्गलबार चेकजाँचमा निकै कडाइ गरेका थिए । पछि उनिहरुले नाका बन्द भएको घोषणा गर्दै नाकामा ठुलो संख्यामा सुरक्षाकर्मी तैनाथ गरेका थिए ।

यता, प्रदर्शनकारीहरूले जमुनाहाको प्रहरी चेकपोस्ट र भन्सार यात्रु शाखामा मङ्गलबार दिउँसोपछि तोडफोड र आगजनी गरेपछि त्यहाँबाट हटेका सुरक्षाकर्मीहरू बुधबार बिहान फेरि नाकामा पुगेर सुरक्षा दिन थालेका छन् । रातभरि नाकामा नेपाली सुरक्षाकर्मीहरू नरहेको स्थानीयले जनाएका छन् । नेपाली सेनाले सुरक्षाको कमान्ड सम्हालेपछि अहिले नाकालगायत नेपालगन्ज बजारको अवस्था सामान्य बन्दै गएको छ ।

# मृतक प्रहरीको संख्या ३ पुग्यो

काठमाडौं, २५ भदौ । जेनजीको प्रदर्शनमा ज्यान गुमाउने प्रहरीको संख्या तीन पुगेको छ । यसअघि दुई जना मृत भएको नेपाल प्रहरीले बताएको थियो । अहिले भने मृत प्रहरीको संख्या तीन पुगेको बताइएको छ । मृत हुनेहरु सबै प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत प्रहरी हुन् । एक असईसहित तीन जनाको मृत्यु भएको र उनीहरुको पहिचान समेत भइसकेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी विनोद घिमिरेले बताए । अझै केही प्रहरी मिसिङ भएकाले यो संख्या बढ्न सक्ने बताइएको छ ।

छोरासरह छोरीलाई स्कूल पठाऔं।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहाकार: कृष्ण प्रसाद दंगाल कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)